## भारतद्वारा निर्मित एवम् निर्माणाधीन बाँध तथा तटबन्धहरूबाट परेका असरहरूको निवारणसम्बन्धी अन्तरक्रिया कार्यक्रमबाट पारित भैरहवा कार्ययोजना, २०६२

२०६२ भदौ १३ भैरहवा, रूपन्देही

जल तथा ऊर्जा उपभोक्ता महासङ्घ नेपाल, अभियान सेवा केन्द्र नवलपरासी तथा बुटवल एवम् भैरहवास्थित विभिन्न सञ्चारकर्मीहरूको संयुक्त आयोजनामा आज भैरहवामा एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । भारतद्वारा हालैका वर्षहरूमा एकतर्फीरूपमा निर्मित एवम् निर्माणाधीन बाँध तथा तटबन्धहरूबाट परेका असरहरूको निवारण विषयक उक्त अन्तरक्रियामा मर्चवार, महलीसागर, डण्डाखोला, गण्डक, सुस्ता, महाकाली आदि क्षेत्रबाट १ सय २० जना पीडित, प्रभावित र विस्थापित किसान, सरकारी कार्यालयका प्रतिनिधि, राजनीतिक पार्टीका प्रतिनिधि, सञ्चारकर्मी तथा अन्य अभियानकारी सङ्घसंस्थाका प्रतिनिधि र विशेषज्ञहरूको उपस्थिति थियो । उक्त कार्यक्रममा राजधानीबाट जलस्रोतविद् अजय दीक्षित, जल तथा ऊर्जा उपभोक्ता महासङ्घ नेपालका संयोजक गोपाल सिवाकोटी 'चिन्तन', वातावरविद् दिनमणि पोखरेल तथा पत्रकारद्वय विकास थापा (कान्तिपुर दैनिक) एवम् नेपाल १ टेलिभिजनका गोकर्ण खतिवडाले भाग लिनु भएको थियो । कार्यक्रममा भारतको पटना तथा विवादास्पद तटबन्ध पारी भारतबाट पनि १५ जना अभियानकारी तथा तटबन्धबाट पीडित भारतीय किसानहरूको उपस्थिति थियो । कार्यक्रममा स्थानीय निकायका केही कर्मचारीहरूले पनि भाग लिएका थिए ।

सहभागीहरूको एक प्रतिनिधिमण्डलले हिजो भैरहवाबाटै नजिकै डण्डाखोलामा भारतले निर्माण गरिरहेको अर्को नयाँ तटबन्धको पनि स्थलगत भ्रमण गरेका थिए । भारतको यस्ता गैरकानुनी कार्य र मिचाहा प्रवृतिलाई रोक्न तथा भविष्यमा यस्ता समस्याहरू दोहोरिन नदिन भेलाका सहभागीहरूले निम्नबमोजिमको भैरहवा कार्ययोजना सर्वसम्मतिबाट पारित गरेका छन्:

१. मर्चवार, महलीसागर, डण्डाखोला, भुजहवा (लिटल गण्डक) लगायत समस्त नेपाल भारत सीमा क्षेत्रमा भारतले एकतर्फीरूपमा बनाइरहेका विभिन्न तटबन्ध तथा अन्य निर्माण संरचनाहरूसम्बन्धी सूचना तथा सामग्रीहरू सङ्कलन गर्ने ।

२. उल्लिखित सूचनाहरूको प्राप्तिका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने तथा सूचना उपलब्ध नगराएको खण्डमा सर्वोच्च अदालतमा त्यस्तो सूचनाको हक बहालीका लागि मुद्दा लड्ने ।
३. निर्माणाधीन वा प्रस्तावित तटबन्ध र संरचनाहरूको अवस्था र तिनले पार्ने वा पारिरहेका असरहरूका सम्बन्धमा सयुक्त अध्ययनअनुसन्धान गर्ने ।

४. पीडित, प्रभावित एवम् विस्थापित परिवार र व्यक्तिका निमित्त भारत सरकारले अविलम्ब उचित मुआब्जा, क्षतिपूर्ति तथा पुनर्वासको व्यवस्था गर्नुपर्ने तथा यसका लागि नेपाल सरकारले अगुवाई हुनुपर्ने ।

५. दुवै देशका प्रभावित तटीय समुदायहरूको पूर्वसूचित स्वतन्त्र सहभागितामा उक्त क्षेत्रको जलस्रोतको व्यवस्थापन तथा विद्यमान समस्या समाधानका लागि सहमति निर्माण गरी साझा श्वेतपत्र जारी गर्ने तथा यसका लागि आजको अन्तरक्रिया कार्यक्रम तथा कार्यशालाका सुझाव र निष्कर्षहरूलाई मुख्य आधार मान्ने ।

६. श्वेतपत्रका आधारमा सीमा क्षेत्र तथा नेपाल भारत दुवै देशका राजधानी काठमाडौं र नयाँ दिल्लीमा सार्वजनिक सुनुवाइ तथा अन्य उपयक्त कार्यक्रमहरू गर्ने ।

७. नेपाली तथा स्थानीय भाषामासमेत आवश्यकताअनुसार उपलब्ध अध्ययनसामग्री तथा प्रतिवेदनहरू प्रकाशन गर्ने ।

८. विभिन्न रेडियो पत्रिका तथा श्रव्यदृश्य सामग्रीहरू निर्माण गरी सार्वजनिक प्रसारणको व्यवस्था मिलाउने ।

९. विभिन्न भाषामा प्रकाशित सूचना तथा सामग्रीहरूको सहज उपलब्धता र उपयोगका लागि उपयुक्त स्थानमा सूचना केन्द्र स्थापना गर्ने तथा आवश्यकताअनुसार तालिम, प्रशिक्षण तथा स्थलगत अध्ययनका कार्यहरू गर्ने ।

१०. सीमानदी तथा जलस्रोतको व्यवस्थापनसम्बन्धी विवादहरूको समाधानका निमित्त अन्तर्राष्ट्रिय सीमा तथा जलाधार क्षेत्रमा बस्ने सम्पूर्ण समुदायबीचको साझा समझदारी, साझा सहभागिता र सामुहिक निर्णय प्रक्रिया एवम् कार्यान्वयन अत्यावश्यक हुँदा दुई देशबीचका जनताहरूको सम्बन्धलाई अझ सुमधुर र सशक्त बनाउँदै लैजाने ।

pdfMachine by BroadGun Software